**निर्णयहरु :-**

१. ग्याँस अभावको वाहाना देखाएर हुन सक्ने कालबजारी, कृत्रिम अभाव सृजना गर्न खोज्ने एवं अनियमितता गर्न प्रयास गर्ने जो कसैलाई कानूनको दायरामा ल्याई कारवाही गर्ने गराउने।

२. ग्याँस प्रयाप्त मात्रामा आयात भैरहेको अवस्थामा समेत वितरण प्रणाली सहज हुन नसकेकोले आयल निगम, उद्योगी, डिलर, खुद्रा विक्रेताले वितरण व्यवस्थालाई सहज बनाउन पहल गर्ने र आम उपभोक्ताले अनावश्यक भण्डारण नगरी जिम्मेवार नागरिकको भूमिका स्थापित गर्न अनुरोध गर्ने।

३. ग्याँस उद्योगबाट सार्वजनिक विदाका दिनमा पनि ग्याँस सिलिण्डर रिफिलिङ्ग गर्ने र बजारमा नियमित आपूर्तिलाई सुनिश्चित बनाउने। बरौली, मथुरा र पराजयबाट बुलेट लोडिङ्ग गर्ने गरिएकोमा नजिकको दुरीलाई प्राथमिकतामा राखी लोडिङ् गरी नियमित आपूर्ति व्यवस्थालाई कायमै राख्ने। आगामी दिनमा ग्याँसको नियमित उपलब्धताका बारेमा आम नागरिकलाई विश्वस्त तुल्याउने परिस्थितीको निर्माण गर्ने।

४. बेलहिया भन्सार कार्यालयले आयात भै आएका ग्याँस बुलेटको काँटा भएपछि अग्राधिकार दिई भन्सार यार्डबाट निस्कासन गर्ने भन्सार प्रकृयामा लाग्ने समय घटाउन प्रयास गर्ने।

५. आयल निगम भलवाडी डिपोले ग्याँस उद्योगीहरुले पाउँदै आएको एल.पि.जि. ग्याँसको कोटा वृद्धिका लागि केन्द्रिय कार्यालयमा पहल गर्ने, दैनिक आयत, उत्पादन, विक्री वितरणको तथ्यांक विश्लेषण गरी वजार प्रणालीलाई स्वचालित बनाउने र हटलाईनका गुनासा उजुरी संवोधन गरी, नागरिकको जनजीवन सहज बनाउन तत्पर रहने।

६. ग्याँस डिलर र खुद्रा विक्रेताले प्राप्त सिलिण्डर आएका उपभोक्तालाई अग्राधिकारमा राखी वितरण गर्ने, उद्योग, होटल तथा ठूलो मात्रामा खपत गर्ने प्रतिष्ठान लाई दोस्रो प्राथमिकतामा राख्ने र जिल्ला बाहिरका खुद्रा विक्रेतालाई साविकमा दिने कोटा तत्कालका लागि बन्द गरी स्थानीय बजारमा ग्याँस अभाव हुन नदिने तर्फ प्रयत्नशिल रहने।

७. खुद्रा विक्रेताबाट ग्याँस विक्री वितरण गर्दा विक्रेताको नाम, ठेगाना, मोवाईल नं. सिलिण्डर संख्या, परिमाण संख्या सहितको विवरण अद्यावधिक गरी विक्री गर्ने व्यवस्था ग्याँस विक्रेताले मिलाउने।

८. जिल्ला प्रहरी कार्यालय, रुपन्देही र सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हेक्वा, रुपन्देहीले नियमित गर्दै आएको गस्ति, पेट्रोलिङ्ग, अनुगमन वा अन्य कामको सिलसिलामा वजार वा ग्रामिण क्षेत्रमा जाँदा ग्याँसको अवस्थाको जानकारी लिने र अनियमितता, कृत्रिम अभाव वा कालोबजारी भए/गरेको सुचना पाएमा शुक्ष्म निगरानी गरी त्यस्तो कार्य भए/गरेको पाईएमा कानूनको दायरामा ल्याउने।

९. विक्रेताले ग्याँस विक्री/वितरण गर्दा विद्यार्थी र विपन्न परिवारलाई प्राथमिकता दिने व्यवस्था मिलाउने।

१०. ग्याँस नपाई चुलो नै नवलेको भनी गुनासो आएका ग्राहकका लागि तत्काल वितरण गर्न बुटवलको बाल मन्दिर हाटवजार लाईनमा र भैरहवाको खाद्य संस्थानको क्मपाउण्डमा वितरण गर्ने र सबै उद्योगले दुवै स्थानमा १००/१०० वटा सिलिण्डर उपलब्ध गराउने। यसको समन्वय आयल निगमले गर्ने र आवश्यक सहयोग जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा.रुपन्देही गर्ने।

११. हाल खाना पकाउने ग्याँसको वितरण प्रणालीमा देखिएको समस्या समाधानका लागि नजिक रहेका विक्रेतासँग आवश्यक समन्वय र सहजिकरण गरी विपन्न परिवारलाई सहज रुपमा ग्याँस उपलब्ध हुने व्यवस्था मिलाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने।

१२. कम्पनी बाहेक विक्रेताको बिलमा जिल्ला बाहिर भरी ग्याँस सिलिण्ड जान नदिने गरी आवश्यक चेकजाँचको व्यवस्था जिल्ला प्रहरी कार्यालयले मिलाउने।